# पशु आहारा उत्पादन सम्बन्धी कार्यक्रम संचालन मापदण्ड, २०७७

(मन्त्रिस्तरीय निर्णयबाट मिति २०७७/०५/३१ मा स्वीकृत )

पशु आहाराको उत्पादनलाई प्रबर्द्धन गर्न, हरियो घाँसको अभाब हुने समयमा पोषिलो आहारा उपलब्ध गराई पशुजन्य उत्पादकत्वमा बृद्धि गर्न र पशु उत्पादन लागत कम गर्न गण्डकी प्रदेश सरकारको "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यबिधि, २०७७" को दफा ४० ले दिएको अधिकार प्रयोग गरी साईलोपिट निर्माण, घाँस/साइलेज/हे उत्पादन, घाँसको विउ उत्पादन, घाँसका नर्सरी तथा तिनीहरुको स्रोत केन्द्र स्थापना सम्बन्धी कार्यक्रमहरु संचालन गर्न भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले यो मापदण्ड बनाएकोछ।

**१. आवेदकको योग्यता र पेश गर्नु पर्ने कागजातहरु :**

**१.१ आवेदकको योग्यता :**

क) आवेदक कृषक/फर्म, समूह, समिति वा सहकारी हुनुपर्नेछ।

ख) घाँसको विउ उत्पादनको लागि हिँउदे तथा वर्षे घाँसको हकमा कम्तिमा ५ रोपनी र वहुवर्षिय घाँसको हकमा कम्तिमा १० रोपनी जमिनमा घाँसहरु खेती गरिरहेको र डालेघाँसको हकमा कम्तिमा ८ प्रजातिको वार्षिक १०००० बिरुवा उत्पादन गरिरहेको हुनुपर्नेछ।

ग) घाँसको विउ तथा नर्सरी स्थापना कार्यक्रममा सहभागी हुन कम्तिमा २ वर्ष देखि घाँसको उत्पादन/घाँसको विउ तथा घाँसको नर्सरी सम्बन्धी कार्य गरिरहेको हुनुपर्नेछ ।

घ) व्यवसायिकरुपमा गरिने वृहत्तर घाँस विकासका लागि कम्तिमा १० रोपनी जमिनमा घाँस खेती गरेको/गर्ने हुनुपर्नेछ ।

**१.२ पेश गर्नुपर्ने कागजातहरु :**

क) साइलेज उत्पादनका लागि वार्षिक कम्तिमा ३०० टन साइलेज उत्पादनको लागि लाग्ने घाँसको स्रोत सुनिश्चितताको प्रमाण पेश गर्नुपर्नेछ।

ख) आवेदकको कम्तिमा ५० प्रतिशत लागत साझेदारी हुने गरी बूदा नं ३ वमोजिमको ढाँचामा तयार गरिएको प्रस्ताव पेश गर्नुपर्नेछ।

ग) बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ को दफा १६ को उपदफा (३) मा उल्लेखित कागजातहरु पेश गर्नुपर्नेछ।

**२. प्रस्ताव छनौटका लागि मूल्याङ्कनका आधारहरु :**

| क्र.सं. | विवरण | अंक भार |
|---|---|---|
| १ | **व्यवसायिक योजनाको प्रस्ताव (लागत र समय, रोजगारी सृजना तथा उत्पादन तथा उत्पादकत्व वृद्धि, बजारीकरण)** | **२५** |
| १.१ | लागत | ५ |
| १.१.१ | लागत साझेदारीको अनुपात (कार्यालयः आवेदक) १:१.५ भन्दा बढी भएको | ५ |
| १.१.२ | लागत साझेदारीको अनुपात (कार्यालयः आवेदक) १:१ भन्दा बढी १:१.५ सम्म भएको | ४ |
| १.१.३ | लागत साझेदारीको अनुपात (कार्यालयः आवेदक) १:१ भएको | ३ |



प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय गण्डकी प्रदेश पोखरा

| | | |
|---|---|---|
| १.२ | **रोजगारी सृजना** | ५ |
| १.२.१ | एकाघरको परिवार बाहेक कम्तिमा थप एक जनालाई रोजगारी दिने | ५ |
| १.२.२ | एकाघरको परिवार बाहेक अन्यलाई रोजगारी नदिने | ३ |
| १.३ | **घाँस/घाँसको विउ र बेर्नाको उत्पादन र उत्पादकत्वमा वृद्धि** | १० |
| १.३.१ | हालको उत्पादनमा ४० प्रतिशत वा सो भन्दा वढीले वृद्धि गर्ने | ५ |
| १.३.२ | हालको उत्पादनमा ४० प्रतिशत भन्दा कमले वृद्धि गर्ने | ३ |
| १.४ | **घाँस/घाँसको विउ र बेर्नाको बजारीकरण** | ५ |
| १.४.१ | आफ्नो कूल उत्पादन मध्ये ९० % वा सो भन्दा बढी परिमाण विक्रि गर्ने | ५ |
| १.४.२ | आफ्नो कूल उत्पादन मध्ये ९० % भन्दा कम परिमाण विक्रि गर्ने | ३ |
| २ | **पूर्वाधार र प्राविधिक उपयुक्तता** | १० |
| २.१ | पूर्वाधार | ५ |
| २.१.१ | बाटो, पानी र बिजुलीको सुविधा भएको | ५ |
| २.१.२ | बाटो, पानी र बिजुली मध्ये कुनै १ वा १ भन्दा वढी सुविधा नभएको | ३ |
| २.२ | प्राविधिक उपयुक्तता | ५ |
| २.२.१ | पर्याप्त र उपयुक्त जमिन भएको, उपयुक्त हावापानी भएको | ५ |
| २.२.२ | पर्याप्त र उपयुक्त जमिन नभएको वा उपयुक्त हावापानी नभएको | ३ |
| ३ | **आवेदकको अनुभव तथा क्षमता** | ५ |
| ३.१ | ३ वर्ष वा सो भन्दा वढी | ५ |
| ३.२ | ३ वर्ष भन्दा कम | ३ |
| ४ | **लाभान्वित घरधुरी** | ५ |
| ४.१ | १० वा १० भन्दा वढी | ५ |
| ४.२ | १० भन्दा कम | ३ |
| ५ | **अपेक्षित नतिजा र दिगोपना** | ५ |
| ६ | **अघिल्ला दुई आ.व मा कुनै कार्यालयबाट अनुदान लिए/नलिएको** | १० |
| ६.१ | नलिएको | १० |
| ६.२ | प्रस्तावमा उल्लेखित कृयाकलाप भन्दा फरक प्रकृतिको कृयाकलाप गर्नको लागि लिएको | ५ |
| **जम्मा** | | ६० |

*नोटः कार्यालयले प्रस्ताव छनौट गर्नु पूर्व स्थलगत अनुगमन गर्नुपर्नेछ। स्थलगत अनुगमन गर्दा बजारीकरण, पूर्वाधार, प्राविधिक उपयुक्तताको प्रस्तावमा उल्लेखित विवरणहरुको तालमेल मिले नमिलेको हेरी मात्र मूल्याङ्कन गर्नुपर्नेछ।*

**३. प्रस्तावको ढाँचा**

क) आवेदकको नाम र ठेगाना :

ख) सम्पर्क व्यक्तिको नाम र सम्पर्क नं :

ग) कार्यक्रम संचालन हुने स्थान :

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश
पोखरा

घ) संचालन गर्ने व्यवसाय :

ङ) लाभान्वित घरधुरी संख्या :

च) संचालन गरिने क्रियाकलापको विवरण :

| क्र.स. | क्रियाकलापको विवरण | परिमाण (संख्या/गोटा आदि) | अनुमानित लागत रु | | कुल रकम | सम्पन्न गर्ने समय अवधि |
|---|---|---|---|---|---|---|
| | | | आफूले व्यहोर्ने | माग गरीएको | | |
| अ) | पुँजीगत कार्यहरु | | | | | |
| | | | | | | |
| | | | | | | |
| आ) | अन्य कार्यहरु | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| जम्मा | | | | | | |

छ) प्रस्तावित कार्यक्रम संचालनबाट प्राप्त हुने उपलब्धिहरु (भौतिक संरचना विकास/सुधार, वार्षिक उत्पादन, रोजगारी सृजना, आदि):

| क्र.सं. | विवरण | एकाइ | परिमाण | | कैफियत |
|---|---|---|---|---|---|
| | | | हालको अवस्था | कार्यक्रम संचालन पश्चातको अवस्था | |
| अ) | भौतिक संरचना विकास/सुधार | | | | |
| | | | | | |
| | | | | | |
| आ) | वार्षिक उत्पादन | | | | |
| | | | | | |
| | | | | | |
| इ) | रोजगारी सृजना (एकाघरको बाहेक) | | | | |
| ई) | अन्य उपलब्धिहरु | | | | |
| जम्मा | | | | | |

ज) उत्पादित बस्तुहरुको बजारीकरण कहाँ, कसरी र कति मात्रामा गर्ने :

झ) नयाँ सोच तथा दिगोरुपमा संचालन गर्ने भावी योजना :

प्रस्तावकको

नामः

छापः

ठेगानाः

सम्पर्क व्यक्तिः

दस्तखतः

मितिः

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश
पोखरा

**४. संचालन गर्न सक्ने क्रियाकलापहरु :**

स्वीकृत बजेटको परिधी भित्र रही देहायका कार्यक्रमहरु संचालन गर्न अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ।

**क) साइलेज उत्पादनको लागि पिट तथा सामाग्री व्यवस्थापनमा सहयोग।**

**ख) साईलेज उत्पादन स्रोत केन्द्र स्थापना :** कम्तिमा वार्षिक ३०० टन उत्पादनका लागि साईलोपिट निर्माण वा उपकरण खरिद तथा अन्य उपकरण/औजार खरिद, बिक्री केन्द्र स्थापनाका लागि टहरा निर्माण ।

**ग) घाँसका विउ/बिरुवाको नर्सरी तथा स्रोत केन्द्र स्थापना :** आवश्यक उपकरण र सामाग्री खरिद, पूर्वाधार निर्माण (टहरा, सिँचाई, बारबन्देज आदि), तालिम, घाँसको विउ तथा बिरुवा वितरण।

**घ) घाँस उत्पादन र स्रोत केन्द्र स्थापना :** व्यवसायिकरुपमा घाँस खेतीका कार्यक्रम संचालन गर्दा तालिम, घाँसको विउ तथा बिरुवा वितरण, आवश्यक उपकरण र सामाग्री खरिद, पूर्वाधार निर्माण (टहरा, सिँचाई, बारबन्देज आदि)।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
गण्डकी प्रदेश
पोखरा